# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Bagmati Province, Nepal

पत्र संख्या:- २०८० / २०८१
च.नं.:- 30

## पशु विकाश सेवा कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना
### सूचना नं १ -२०८०-२०८१ (पशु सेवा)
### प्रथम पटक प्रकाशित मिति: २०८०/०५/१०

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिकाभित्र तपसिलका कार्यक्रमहरू कार्यान्वयनका लागि भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ मा तोकिएको मापदण्ड पुरा गरेका कृषक/व्यवसायी/ फार्म/उद्यमी/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **htpp://bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ। विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-४९३७२१ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | वार्षिक लक्ष्य | इकाई | वार्षिक बजेट | कैफियत |
|---|---|---|---|---|---|
| आ | **चालु खर्च अन्तरगत कार्यक्रम** | | | | |
| १ | ५० %लागत साझेदारीमा माछामासु पसल सुधार कार्यक्रम | ५ | संख्या | ५००.० | |
| २ | ७०% लागत साझेदारीमा निर्वाहमुखी कृषकहरुका लागि काउम्याट वितरण (प्रति कृषक अधिकतम ४ वटा) | २०० | थान | १२००.० | |
| ३ | निर्वाहमुखि पशुपालन (भेडा/बाखा) कार्यक्रम | ४ | समुह | ३६००.० | |
| ४ | निर्वाहमुखी पशु पालन (बंगर) पालन कार्यक्रम | १ | समुह | ८००.० | |
| ५ | निर्वाहमुखी पशु पालन (स्थानिय हाँस/ कुखुरा) पालन कार्यक्रम | १ | समुह | ४३०.० | |
| ६ | मत्स्य फर्महरुको विधुत महसुलमा ५०% अनुदान | ३ | पटक | ८००.० | |
| ७ | लागत साझेदारीमा माछापोखरी/खोर/गोठको जैविक सुरक्षा तथा पशुबस्तुको मल तथा मुत्र व्यवस्थापन कार्यक्रम | २० | संख्या | २०००.० | |
| ८ | महिला उद्यमि तथा वैदेशिक रोजगारवाट फर्केकालाई प्रोत्साहन कार्यक्रम | ६ | संख्या | ३००.० | |
| ९ | माछाको भुरा ढुवानिको लागि अक्सिजन सहितको उपकरण वितरण | १ | सेट | ८००.० | |

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरपालिका वा सम्वन्धित वडा कार्यालयमा फार्म/व्यावसाय / समूह दर्ता गरेको प्रमाण पत्र । ( निर्वाहमुखी पशुपालनमा बाहेक फार्म दर्ता भएको मितिले एक वर्ष पुरा भएको हुनुपर्नेछ) ।
ख. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाण।

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


ग. अध्यक्ष वा सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र।

घ. पशु बिमा गरेको प्रमाण ।

ङ. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिश।

च. अन्य कागजात कार्यक्रमको मर्म तथा महानगरबाट तोकिएको कागजात तथा कार्यविधिमा तोकिए अनुसार पेश गर्नु पर्ने छ।

नोटः प्रस्तावनासाथ पेश गर्नुपर्ने आवेदन फारम भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाबाट तोकिएको शुल्क (एक लाख सम्मको अनुदानमा रु. १००।-, एक देखि पाँच लाखसम्मको अनुदानमा रु. ३००।- र पाँच लाखभन्दा माथिको अनुदानमा रु ५००।-) तिरी प्राप्त गर्न सकिने छ र "पशुसेवा कार्यक्रम कार्यान्वयनकार्यविधि २०७८" अनुसार /संशोधन भएमा सोही अनुसार तथा प्रचलित कानुन अनुसार हुने।

..............................

श्यामराज बेलकोटी

पशु चिकित्सक